# बुद्धजयन्तीको मंगलमय शुभकामना !

२५७०औँ बुद्धजयन्तीको पावन अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि एवं दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना !

यस पावन अवसरमा Buddhism Digital Library (BDL) Inc ले २५७०औँ बुद्धजयन्ती डिजिटल उपहार पूर्णाङ्क (१) प्रकाशन गर्ने तयारी गरिरहेको सुखद समाचारले अत्यन्तै हर्षित भएकी छु। भगवान बुद्धले देखाउनु भएको अहिंसा, शान्ति, करूणा र मैत्री भावलाई यो डिजिटल प्रकाशनले संसारभरीका बौद्धमार्गी पाठकहरूको हातहातमा पुऱ्याउन सफल होस् भन्ने कामना गर्दछु। बास्तबमा बुद्ध भनेको नाम, सर्वनाम, ब्यक्ति वा कुनै बस्तु नभएर, त्यसमा हुने गुण, स्वभाव र बिशेषता हुन्। उदाहरणका लागि उखुको गुण, स्वभाव र विशेषता भनेको गुलियो हुनु हो। चाहे त्यो काट्नोस्, पेल्नोस् वा उमाल्नोस्। त्यसैगरी खुर्सानी र कागतीको गुण र स्वभावलाई हेर्नोस्। खुसानी पिरो हुनु र कागती अमिलो हुनु उनीहरूको गुण, स्वभाव र बिशेषता हुन्।

त्यसैगरी बुद्ध भनेको बोध हुनु हो। बोध हुनु भनेको कुनै पनि विषयमा स्वयं जानकारी हुनु हो। अर्थात तत्वज्ञानको बारेमा बोध हुनु हो। तत्वज्ञान भनेको कुनै पनि विषय वा वस्तुको गहिराईलाई शुष्म रूपमा जान्नु हो। भगवान बुद्धले पनि आजकै दिनमा पिपलको रूखमुनि तत्वज्ञानको बारेमा बोध गर्नु भएको थियो। त्यसैले उनलाई बुद्ध भनिएको हो। उनले प्रतिपादन गर्नु भएको अहिंसा, शान्ति, करूणा, पञ्चशील, अष्टमार्ग, प्रतित्यसमुत्पाद र दशपारमीका शिक्षाहरू आज संसारभरी फैलिएका छन्। अन्तमा, २५७०औँ बुद्धजयन्तीको पावन अवसरमा देश बिदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि एवं दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना !



**सुन्दरी गुरुङ (सुनु)**
अध्यक्ष, नेपाल आदिवासी जनजाति महासंघ,
अमेरिका (FIPNA, New Hampshire Chapter) तथा सामाजिक अभियन्ता